# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३
च.नं.: १०२२

मिति : २०८२/०९/१८

विषय : गाउँसभाको बैठक सम्बन्धमा ।

श्री उपाध्यक्षज्यू,
श्री सबै गाउँसभा सदस्यज्यूहरु,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ को उपदफा (२) बमोजिम यस बौदीकाली गाउँपालिकाको अध्यक्ष ज्यूद्वारा आव्हान गरिएको पन्ध्रौं गाउँसभाको बैठक तपसिलको मिति, समय र स्थानमा संलग्न कार्यसूची अनुसार बस्ने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ ।

तपसिल :

मिति : २०८२ साल पौष २४ गते
समय : विहानको ९:०० बजे
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल

....................................
(राकेश कुमार चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# पन्ध्रौं बौदीकाली गाउँसभाका प्रस्तावहरु :

**प्रस्ताव नं. १ :**

बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम संशोधन सम्वन्धमा ।

**प्रस्ताव नं. २ :**

बौदीकाली गाउँपालिकाको आर्थिक ऐन, २०८२ संशोधन सम्बन्धमा ।

**प्रस्ताव नं. ३ :**

बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ मा न्यायिक समितिले पेश गरेको प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं. ४ :**

बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ मा विषयगत समितिले पेश गरेको प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं. ५ :**

बौदीकाली गाउँपालिकामा लागू गर्न आवश्यक तपसिलका कानूनहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा।

- बौदीकाली गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ ।
- बौदीकाली गाउँपालिकाको बेरुजु फछ्र्यौट कार्यविधि, २०८२ ।
- बौदीकाली गाउँपालिकाको लेखा समिति गठन तथा कार्यसंचालन कार्यविधि, २०८२ ।
- बौदीकाली गाउँपालिकाको गाउँ सभा सचिवालय स्थापना तथा संचालन कार्यविधि, २०८२ ।

**प्रस्ताव नं. ६ :**

तलवी प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ७ :**

बौदीकाली गाउँकार्यपालिकाका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ८ :**

विविध विषयहरुका सम्वन्धमा ।

बौदीकाली गाउँपालिका
पन्ध्रौं गाउँसभा
<u>कार्यसूची र समय तालिका</u>

बैठक संख्या : १ | बैठक स्थान : बौदीकाली गाउँपालिकाको सभा हल
अध्यक्षता : श्री प्रकाश ओझा | मिति : २०८२/०९/२४ गते

| समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता |
|---|---|---|
| बिहानको ९:०० बजे | सभा शुभारम्भ तथा सम्बोधन | अध्यक्ष श्री प्रकाश ओझा |
| बिहानको ९:१५ बजे | शुभकामना मन्तव्य . | सभामा प्रतिनिधित्व गर्ने विभिन्न राजनीतिक दलका सदस्य |
| बिहानको ९:३० बजे | समसामयिक विषयमा छलफल (शून्य समयको प्रयोग) | |
| दिनको ११:३० बजे | बौदीकाली गाउँपालिकाको विनियोजन ऐन २०८२ को संशोधन गर्ने विधेयक प्रस्तुति र सैद्धान्तिक पक्षमा छलफल | उपाध्यक्ष श्री डिल कुमारी के.सी. सारु मगर |
| दिनको १२:१५ बजे | बौदीकाली गाउँपालिकाको अर्थ सम्बन्धी ऐन २०८२ को संशोधन गर्ने विधेयक प्रस्तुति र सैद्धान्तिक पक्षमा छलफल | उपाध्यक्ष श्री डिल कुमारी के.सी. सारु मगर |
| दिनको १२:४५ बजे | न्यायिक समिति प्रतिवेदन प्रस्तुत | संयोजक श्री डिल कुमारी के.सी. सारु मगर |
| दिनको १:०० बजे | विषयगत समितिको प्रतिवेदन उपर छलफल<br>१. आर्थिक विकास समिति<br>२. सामाजिक विकास समिति<br>३. पूर्वाधार विकास समिति<br>४. वन, वातावरण तथा विपद व्यवस्थापन समिति<br>५. सुशासन तथा संस्थागत विकास समिति | <br>संयोजक श्री अनिल थापा मगर<br>संयोजक श्री श्याम सुन्दर श्रेष्ठ<br>संयोजक श्री तेज बहादुर थापा<br>संयोजक श्री मन बहादुर सारु<br>संयोजक श्री खिम बहादुर थापा खरु मगर |
| दिनको १:३० बजे | बौदीकाली गाउँपालिकामा लागू गर्न आवश्यक कानूनहरु उपर छलफल<br>• बौदीकाली गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ । | संयोजक श्री टोपलाल रुचाल |
| दिनको २:०० बजे | गाउँकार्यपालिकाको कार्यालयका कामकारवाही नियमित गर्ने विषयहरु<br>• करार कर्मचारीहरुको म्याद थप<br>• कार्यपालिकाका निर्णयहरुको अनुमोदन।<br>• विपद व्यवस्थापन समिति र तोक आदेशका निर्णयहरुको अनुमोदन<br>• तलबी प्रतिवेदन पारित गर्ने<br>• विविध | अध्यक्षज्यूको अनुमतिले प्रमुख प्रशासकीय अधिकृत |
| दिनको ३:०० बजे | गाउँसभा समापन | अध्यक्ष श्री प्रकाश ओझा |

आज्ञाले :
राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आज मिति २०८२ साल पौष २४ गते बिहानको ९:०० बजेको समयमा बौदीकाली गाउँपालिकाका अध्यक्ष **श्री प्रकाश ओझा** ज्यूको अध्यक्षतामा सुरु भएको बौदीकाली गाउँपालिकाको १५औं गाउँसभाको बैठकमा निम्नानुसारका गाउँसभा सदस्यहरुको उपस्थितिमा तोकिए बमोजिमको कार्यसूची अनुसारका तपसिलका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिम निर्णयहरु गरियो ।

बैठक संख्या : १

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | गाउँपालिका अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | गाउँसभा सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | गाउँसभा सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | गाउँसभा सदस्य |
| ६ | | श्री मन बहादुर सारु | गाउँसभा सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | गाउँसभा सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | गाउँसभा सदस्य |
| ९ | | श्री डिल बहादुर सार्की | गाउँसभा सदस्य |
| १० | | श्री रविन्द्रराज कण्डेल | गाउँसभा सदस्य |
| ११ | | श्री पदम बहादुर वि.क. | गाउँसभा सदस्य |
| १२ | | श्री बुद्धिराज श्रेष्ठ | गाउँसभा सदस्य |
| १३ | | श्री कुल बहादुर ठाडा मगर | गाउँसभा सदस्य |
| १४ | | श्री देउमाया रुचाल | गाउँसभा सदस्य |
| १५ | | श्री ईन्द्र बहादुर फाल मगर | गाउँसभा सदस्य |
| १६ | | श्री चुन बहादुर विरकट्टा | गाउँसभा सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| १७ | | श्री तिल बहादुर राना मागर | गाउँसभा सदस्य |
| १८ | | श्री देव बहादुर लुङ्गेली मगर | गाउँसभा सदस्य |
| १९ | | श्री कर्ण बहादुर रिश्मी मगर | गाउँसभा सदस्य |
| २० | | श्री कृष्ण प्रसाद मास्की मगर | गाउँसभा सदस्य |
| २१ | | श्री खुममाया मल्ल ठकुरी | गाउँसभा सदस्य |
| २२ | | श्री तेजमाया इस्माली गाहा मगर | गाउँसभा सदस्य |
| २३ | | श्री टिकामाया सार्की | गाउँसभा सदस्य |
| २४ | | श्री पुनिसरा फाल मगर | गाउँसभा सदस्य |
| २५ | | श्री उजेली झेंडी मगर | गाउँसभा सदस्य |
| २६ | | श्री सोममाया सार्की | गाउँसभा सदस्य |
| २७ | | श्री ज्ञानीसरा वि.क. | गाउँसभा सदस्य |
| २८ | | श्री रुपा सुनार | गाउँसभा सदस्य |
| २९ | | श्री एलिशा परियार | गाउँसभा सदस्य |
| ३० | | श्री इनमाया नेपाली | गाउँसभा सदस्य |
| ३१ | | श्री संगीता परियार | गाउँसभा सदस्य |
| ३२ | | श्री अन्त बहादुर घर्ती | गाउँसभा सदस्य |
| ३३ | | श्री टोपलाल रुचाल | गाउँसभा सदस्य |
| ३४ | | श्री राकेश कुमार चौधरी | सदस्य सचिव/प्र.प्र.अ. |
| अन्य उपस्थिति | | | |
| १ | | श्री [illegible] प्रसाद चुवेदी | लेखा अधिकृत |
| | | श्री निलना श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री सीमा ओलाना | का. स. |

| | | | |
|---|---|---|---|
| | | श्री कृष्ण प्रसाद दाहाल | आन्तरिक लेखा परीक्षक |
| | | श्री शिव ओली | पशु सेवा प्राविधिक |
| | | श्री तपराज साउद | पशु स्वास्थ्य प्राविधिक |
| | | श्री हेमलाल काफ्ले | प्रशासन सहायक |
| | | श्री उत्सव खिजाली | सामाजिक परिचालक |
| | | श्री नारायण खत्री | प्र. अधिकृत |
| | | श्री लोकेश बहादुर शाह | सि.ई. खा.पी |
| | | श्री किशन कुमार चौधरी | प्रशासन सहायक |
| | | श्री हुम बहादुर विक. | जिल्ला अध्यक्ष |
| | | श्री विनोद विष्ट | MIS अपरेटर |
| | | श्री बसन्त कुमार यादव | अ.स.ब. इन्जिनियर |
| | | लाल चन्द गैडी | स.ले.अ |
| | | सुभास ढकाल<br>राधिका रिजाल | प्राविधिक सहायक<br>प्र.अ |
| | | मिन बहादुर रावल | का.स. |
| | | शालिक राम कण्डेल | का.स. |
| | | हेमन्त घिमिरे | वडा सचिव |
| | | विपिन कण्डेल | कृषि स्नातक |
| | | अर्जुन सुवार | रैथाने संयोजक |
| | | लक्ष्मी जोशी | पोषण सहजकर्ता |
| | | सपना कण्डेल | उद्यम विकास सहजकर्ता |
| | | सोनी पोखरेल | उ.म.वि.नि. |
| | | मेघ बहादुर दमाई | स्वा.शा.प्र |
| | | सिता लामिछाने | का.स. |
| | | रश्मी श्रेष्ठ | ना.प्रा.स |
| | | जिवलाल जमरकट्टेल | शिक्षा प्राविधिक |
| | | पूजा वि.क | ना.प्र.प्रा.श |
| | | टक राज पन्त | सव-इन्जिनियर |
| | | सुनिल ओझा | ख.पी.सि.टे |

मनोज कोइराला — सचिवालय

बौदीकाली गाउँपालिकाको पन्ध्रौं गाउँसभाको पहिलो बैठकका निर्णयहरु

## पन्ध्रौं बौदीकाली गाउँसभाका निर्णयहरु :

**निर्णय नं. १ :**

प्रस्ताव नं. १ माथि दफावार छलफल गरी गाउँसभा उपाध्यक्षज्यूले यस सभामा पेश गर्नुभएको तपसिल बमोजिम आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव केही परिमार्जन सहित सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

| संशोधन गरिएका योजनाहरु | | | | |
|---|---|---|---|---|
| क.सं. | हालको योजनाको नाम | रकम | संशोधित योजनाको नाम | संशोधित रकम |
| [illegible] स्थिति | | १६००० | | १२३३० |
| १ नं. वडा | | ४५० | | ४५० |
| १ | मदनगैरा खानेपानी टंकी निर्माण | १०० | मदनगैरा खानेपानी पाईप खरिद तथा मर्मत | १०० |
| २ | लोहोर्दी खानेपानी इन्टेक निर्माण | ५० | माकलिङटार ढुङ्गेनी चौतारी निर्माण | ५० |
| ३ | मिनामकोट खानेपानी टंकी निर्माण | २०० | मिथुकरम खानेपानी मर्मत तथा व्यवस्थापन | २०० |
| ४ | खल्डुखोला मोटरबाटो मर्मत तथा ग्याविङ | १०० | माथिल्लो मिनामकोट आमा समुह भाडा खरिद | १०० |
| २ नं. वडा | | ११५० | | ११५० |
| १ | कालिगण्डकी प्रा.वि. शौचालय निर्माण | ३०० | कालिगण्डकी आधारभूत विद्यालय अधुरो भवन तथा शौचालय निर्माण | ३०० |
| २ | राधाकृष्ण आमा समुह बहुउद्देश्यीय भवन निर्माण | ४०० | राधाकृष्ण बहुउद्देश्यीय भवन निर्माण | ४०० |
| ३ | विपन्न लक्षित स्वास्थ्य बिमा कार्यक्रम | २२५ | विपन्न लक्षित आयआर्जन कार्यक्रम | ४५० |
| ४ | विपन्न लक्षित आयआर्जन कार्यक्रम | २२५ | | |
| ३ नं. वडा | | १००० | | १००० |
| १ | बरेंडाँडा खानेपानी व्यवस्थापन | ५० | दरै चौतारी भल व्यवस्थापन | १५० |
| २ | दरै चौतारी भल व्यवस्थापन | १०० | | |
| ३ | रकुवा स्वास्थ्य चौकी खानेपानी व्यवस्थापन | ५० | रकुवा स्वास्थ्य चौकी पूर्वाधार निर्माण | ५० |
| ४ | डडहरा नाली निर्माण | ६०० | डडहरा मोटरबाटो ढलान | ६०० |
| ५ | विद्यालयहरुमा उद्यान निर्माण | २०० | बेलभञ्ज्याङ मा.वि. पूर्वाधार निर्माण | २०० |



CamScanner

बौदीकाली गाउँपालिकाको पन्ध्रौं गाउँसभाको पहिलो बैठकका निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| ४ नं. वडा | | १३०० | | १३०० |
| १ | कार्यालय मेसिनरी औजार उपकरण | ५० | वडा नं.४ वडा कार्यालय संचालन खर्च | 50 |
| २ | जैविक विविधता संरक्षण तथा वृक्षारोपण | १५० | पुरानो वडा कार्यालय भवन मर्मत तथा व्यवस्थापन | १५० |
| ३ | नगरडाँडा मा.वि. कक्षा ११ र १२ संचालन शैक्षिक गुणस्तर सुधार तथा व्यवस्थापन | २०० | नगरडाँडा मा.वि. पूर्वाधार विकास | २०० |
| ४ | वडास्तरीय बाटो निर्माण, मर्मत तथा स्तरोनन्ती (रा.रो.का. साझेदारी) | ३०० | वडास्तरिय बाटो निर्माण, मर्मत तथा स्तरोन्नती | ३०० |
| ५ | बालकल्याण प्रा.वि. भवन मर्मत घेराबार तथा व्यवस्थापन (रा.रो.का. साझेदारी) | १५० | बालकल्याण प्रा.वि. भवन मर्मत घेराबार तथा व्यवस्थापन | १५० |
| ६ | लोकप्रिय प्रा.वि. भवन गेट निर्माण घेराबार तथा व्यवस्थापन (रिठ्ठे) (रा.रो.का. साझेदारी) | १५० | लोकप्रिय प्रा.वि. भवन गेट निर्माण घेराबार तथा व्यवस्थापन | १५० |
| ७ | वडास्तरीय खानेपानी सिंचाई तथा कुवा निर्माण | ३०० | वडास्तरीय खानेपानी सिंचाई तथा कुवा निर्माण (रा.रो.का. साझेदारी) | ३०० |
| ६ नं. वडा | | ३०० | | ३०० |
| १ | खेरखलेक कृषि सडक निर्माण | ३०० | बेलडाँडा अधुरो पदैल सिढि निर्माण | १०० |
| | | | गेगनदी डाँडाबारी लभेट डाँडा खेत कृषि सडक | २०० |
| गाउँ पालिका | | ६११० | | ४४४० |
| १ | महिला तथा बालबालिका सम्बन्धी विभिन्न दिवस | १०० | दिवसीय कार्यक्रम | १०० |
| २ | नगर प्रहरी व्यवस्थापन | १३०० | नगर प्रहरी व्यवस्थापन | ६०० |
| ३ | सरोकारवाला निकायसँग बालमैत्री स्थानीय शासन सम्बन्धी अनुशिक्षण कार्यक्रम | १०० | सरोकारवाला निकायसँग बालमैत्री स्थानीय शासन सम्बन्धी अनुशिक्षण कार्यक्रम | ५० |
| ४ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ६०० | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३०० |
| ५ | अन्य भाडा | ३०० | सडक ग्राभेलको लागि सवारी साधन भाडा | ७०० |
| ६ | सडक ग्राभेल | १००० | सडक ग्राभेलको लागि सवारी साधन इन्धन खर्च | ६०० |
| ७ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ७०० | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २०० |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ८ | धर्मात्मा मावि स्वर्ण महोत्सव कार्यक्रम | ३०० | धर्मात्मा मावि स्वर्ण महोत्सव कार्यक्रम | १०० |
| | | | धर्मात्मा मा.वि शैक्षिक सुधार | २०० |
| ९ | सोह विसे फाट सिंचाई सामाग्री खरिद | ३०० | सोहविसे फाँट सिंचाई सामाग्री खरिद तथा मर्मत | ३०० |
| १० | उन्नत जातका पशु प्रवर्द्धन कार्यक्रम | ४०० | उन्नत जातको बंगुर वितरण कार्यक्रम | ४०० |
| ११ | ड्रोन र क्यामरा खरिद | ३६० | ड्रोन र क्यामरा खरिद | ३९० |
| १२ | रोगाहासाल सडक स्तरोन्नती | ३५० | रोगाहासाल मोटरबाटो स्तरोन्नती | ३५० |
| १३ | टोल संयोजकहरुको मासिक बैठक भत्ता | ३०० | टोल संयोजकहरुको मासिक संचार खर्च | १५० |
| पशुपन्छी विकास शाखा | | १८०० | | १३०० |
| १ | उत्पादनमा प्रोत्साहन कार्यक्रम | १००० | उत्पादनमा प्रोत्साहन कार्यक्रम | ५०० |
| २ | कृषि ऋणमा व्याज अनुदान (दुग्ध प्रवर्द्धन कार्यक्रम) | ५०० | कृषि ऋणमा व्याज अनुदान (दुग्ध प्रवर्द्धन कार्यक्रम) | २०० |
| ३ | निशुल्क घुम्ति पशु स्वास्थ्य शिविर | ३०० | निशुल्क घुम्ति पशु स्वास्थ्य शिविर | ६०० |
| कृषि विकास शाखा | | ३६५० | | २२०० |
| १ | मसालाजन्य बालीहरु प्रवर्द्धन कार्यक्रम | ४०० | मसालाजन्य बालीहरु प्रवर्द्धन कार्यक्रम | २०० |
| २ | वडा वडामा कृषकको माग बमोजिम, जैविक बिषादी, सुष्म खाध्यतत्व, विउविजनहरु तथा कृषि सामाग्री वितरण कार्यक्रम | १००० | वडा वडामा कृषकको माग बमोजिम, जैविक बिषादी, सुष्म खाध्यतत्व, विउविजनहरु तथा कृषि सामाग्री वितरण कार्यक्रम | ४०० |
| ३ | गाउँपालिकाबाट वितरण हुने फलामे हलो, हातेट्याक्टर, मिनिटिलर, कुटानिपिसानी मिल जस्ता यान्त्रिक साधनहरु वितरण | ५०० | कृषि यान्त्रिकरण | ५०० |
| ४ | कृषि शाखा अन्तर्गत संचालन हुने बैठक, अनुगमन र मुल्यांकन, तालिम तथा भ्रमण | २०० | कृषि शाखा अन्तर्गत संचालन हुने बैठक, अनुगमन र मुल्यांकन, तालिम तथा भ्रमण | १०० |
| ५ | फलफुल तथा तरकारी बाली प्रवर्द्धन कार्यक्रम | १००० | फलफुल तथा तरकारी बाली प्रवर्द्धन कार्यक्रम | ५०० |
| ६ | भुमि बैंक स्थापना कार्यक्रम | २०० | भुमि बैंक स्थापना कार्यक्रम | १०० |
| ७ | कृषि एम्बुलेन्स सेवा | २०० | कृषि एम्बुलेन्स सेवा | १०० |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ८ | माटो परिक्षण, कृषि चुन वितरण, मिनी ल्याब स्थापना कार्यक्रम | १५० | माटो परिक्षण, कृषि चुन वितरण, मिनी ल्याब स्थापना कार्यक्रम | ३०० |
| स्वास्थ्य शाखा | | ९० | | ४० |
| १ | स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई छाता र झोला खरिद | ९० | स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई छाता र झोला खरिद | ४० |
| शिक्षा शाखा | | १५० | | १५० |
| १ | विद्यालय सुपरीवेक्षण तथा शिक्षक सहयोग कार्यक्रम | १५० | गाउँ शिक्षा योजना निर्माण | १५० |

| थप नयाँ योजनाहरु | | | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | कार्यान्वयन हुने स्थान | रकम |
| [illegible] | | | १००५० |
| गाउँपालिका | | | ८९०० |
| १ | वडा कार्यालयमा ब्याट्री ब्याकअप व्यवस्थापन | गाउँपालिका | ५०० |
| २ | पालिकाभित्र बाटो मर्मत सुधार | गाउँपालिका | ३०० |
| ३ | वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग साझेदारी | गाउँपालिका | ८०० |
| ४ | सिहटारीदेखी बिपि चोक गाउँपालिका हुदै अकलादेवी मन्दिरसम सडक कालोपत्रे पालिका तर्फ थप | गाउँपालिका | ५०० |
| ५ | बौदीकाली आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन अनुदान | गाउँपालिका | ६०० |
| ६ | पालिका डायरी छपाई | गाउँपालिका | २०० |
| ७ | रातो किताब छपाई | गाउँपालिका | १०० |
| ८ | बौदीकाली आधारभूत अस्पतालमा वायरीङ्ग | गाउँपालिका | ५० |
| ९ | बौदीकाली कभर्ड हल निर्माण | गाउँपालिका | २००० |
| १० | संचार सामाग्री खरिद | गाउँपालिका | १०० |
| ११ | वडा नं. १ वडा कार्यालय सम्पन्न | वडा नं. १ | ६०० |
| १२ | कालीगण्डकी आ.वि. खानेपानी तथा विद्युत जडान | वडा नं. २ | १०० |
| १३ | शारदा मा.वि. पूर्वाधार निर्माण | वडा नं. ३ | १५० |
| १४ | वेलभञ्ज्याङ्ग मा.वि. पूर्वाधार निर्माण | वडा नं. ३ | १०० |
| १५ | वडा नं. ३ भवन मर्मत तथा पूर्वाधार निर्माण | वडा नं. ३ | ३०० |
| १६ | वडा नं. ४ वडा कार्यालय भवन मर्मत | वडा नं. ४ | २०० |
| १७ | व्याघन अधुरो मोटरबाटो निर्माण | वडा नं. ४ | २०० |



CamScanner

| | | | |
|---|---|---|---|
| १८ | वडा नं. ५ वडा कार्यालय सम्पन्न | वडा नं. ५ | १८०० |
| १९ | पुरानो नरम जारेभन्ज्यांग सडक निर्माण थप | वडा नं. ६ | ३०० |
| कृषि विकास शाखा | | | ६०० |
| १ | दलहन/अन्नबालीको विउ वितरण कार्यक्रम | गाउँपालिका | २०० |
| २ | वाली संरक्षण कार्यक्रम अन्तर्गत जैविक/रासायनिक विषादी तथा सुक्ष्म खाध्यतत्व खरिद | गाउँपालिका | २०० |
| ३ | उँखु पेल्ने मिल वितरण कार्यक्रम | गाउँपालिका | २०० |
| स्वास्थ्य शाखा | | | ५५० |
| १ | आकस्मिक औषधी खरिद | गाउँपालिका | ४५० |
| २ | स्वास्थ्य सम्बन्धी तालिम | गाउँपालिका | १०० |

| घटाउने योजनाहरु | | |
|---|---|---|
| क्र.सं. | योजनाको नाम | रकम |
| समग्र स्थिति | | ६३८० |
| गाउँपालिका | | ३५५० |
| १ | न्यायिक समिति सचिवालय छपाई | ५० |
| २ | कार्यालयको सूचना, डेटा, ज्ञान सम्पत्ति नयाँ कर्मचारीलाई हस्तान्तरण गर्न ज्ञान व्यवस्थापन प्रणाली स्थापना | १०० |
| ३ | नयाँ कर्मचारी लक्षित अभिमुखीकरण तालिम | १०० |
| ४ | प्रेरणा, आत्मविकास तथा तनाव व्यवस्थापन | १०० |
| ५ | सूचना प्रविधि दक्षता तथा प्रशासनिक सेवा सुधार कार्यक्रम तालिम (वडा सचिव लगायत) | २०० |
| ६ | जनप्रतिनिधी तथा कर्मचारीको क्षमता विकास | ४०० |
| ७ | कानूनी साक्षरता कार्यक्रम (विभिन्न विद्यालयमा) | १०० |
| ८ | वडागत कानूनी/न्यायिक सचेतना कार्यक्रम | २०० |
| ९ | मेलमिलापकर्तालाई अन्तरपालिका अवलोकन भ्रमण | २५० |
| १० | नियमित बजार अनुगमन, व्यवसायीहरुसँग अन्तर्क्रिया तथा उपभोक्ता सचेतना कार्यक्रम | १०० |
| ११ | फोहोर मैला व्यवस्थापन तथा सचेतना सम्बन्धि कार्यक्रम | १०० |



CamScanner

| | | |
|---|---|---|
| १२ | स्वच्छता जनचेतना कार्यक्रम | १०० |
| १३ | अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण सम्वन्धि अभिमुखीकरण कार्यक्रम | ५० |
| १४ | टोल फ्री नम्बर सञ्चालनका लागि उपकरण तथा सेवा खरिद | ५० |
| १५ | जेष्ठ नागरिक ज्ञान सीप तथा अनुभव उपयोग गर्न अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम | १०० |
| १६ | डाक्टरहरुको प्रोत्सान भता | ३०० |
| १७ | योजना पुस्तक छपाइ | २५० |
| १८ | एकिकृत घुम्ति शिविर कार्यक्रम खर्च | ३०० |
| १९ | मोटर साइकल खरिद | ७०० |
| पशुपन्छी विकास शाखा | | १८०० |
| १ | आकस्मिक पशुपन्छी रोग नियन्त्रण तथा रोकथाम कार्यक्रम | २०० |
| २ | नश्ल सुधार कार्यक्रमको लागि राँगा/बोका/बिर वितरण कार्यक्रम | ५०० |
| ३ | बर्षे घाँस वितरण कार्यक्रम | १०० |
| ४ | पशु प्राबिधिक त्रैमासिक बैठक/अनुगमन तथा भ्रमण खर्च | २०० |
| ५ | अनुदानमा च्याफकटर वितरण कार्यक्रम | ५०० |
| ६ | प्रयोगशालाका सामाग्री खरिद र व्यवस्थापन कार्यक्रम | ३०० |
| कृषि विकास शाखा | | ९०० |
| १ | सेमी हाईटेक नर्सरी स्थापना | ७०० |
| २ | अन्नबाली बिउ वितरण | २०० |
| स्वास्थ्य शाखा | | १३० |
| १ | बौदीकाली आधारभूत अस्पताललाई वासिङ्ग मेसिन खरिद | ८० |
| २ | रेबिज भ्याक्सिन व्यवस्था | ५० |

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा बौदीकाली गाउँपालिकाको आर्थिक ऐन, २०८२ संसोधन प्रस्ताव केही परिमार्जन सहित सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

बौदीकाली आधारभूत अस्पताल संचालन भए संगै नयाँ करका दायरा थप गरी बौदीकाली गाउँपालिकाको आर्थिक ऐन (संशोधन), २०८२ मा थप गर्ने निर्णय गरियो ।



CamScanner

बौदीकाली गाउँपालिकाको पन्ध्रौं गाउँसभाको पहिलो बैठकका निर्णयहरु

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| **Dressing** | | |
| १ | Grade I | २५ |
| २ | Grade II | ५० |
| ३ | Grade III | १०० |
| **I & D** | | |
| १ | Grade I | ५० |
| २ | Grade II | १०० |

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १ | Suture Removal | ५० |
| २ | Oxygen Inhalation | ५० |
| ३ | Bowel Enema | १०० |
| ४ | Ear Syringing | ५० |
| ५ | Nail Removal | १०० |
| ६ | Admission Charge | ५० |
| ७ | Bed Charge Per Day | २५० |
| ८ | Foley Cathetor Removal | २५ |
| ९ | GRB5 | ५० |
| १० | Paracetamol Suppository | ३० |

## निर्णय नं. ३ :

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ मा न्यायिक समितिले पेश गरेको प्रतिवेदन सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

### न्यायिक समिति प्रतिवेदन

१. संस्थागत प्रबन्ध :

कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्न बौदीकाली गाउँपालिकामा नेपालको संविधानको धारा २१७ बमोजिमको तिन सदस्यीय न्यायिक समितिको गठन भएको छ ।

| | |
|---|---|
| उपाध्यक्ष श्री डिल कुमारी के.सी. सारु मगर | संयोजक |
| वडा सदस्य श्री बुद्धिराज श्रेष्ठ | सदस्य |
| वडा सदस्य श्री डिल बहादुर सार्की | सदस्य |

२. संगठनात्मक स्वरूप र जनशक्ति :



CamScanner

बौदीकाली गाउँपालिकाले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४८ बमोजिम न्यायिक समितिले आफ्नो कार्य सम्पादनका लागि न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७८ जारी गरेको छ । कार्यविधिमा व्यवस्था भए बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई उजुरी प्रशासकको जिम्मेवारी तोकिएको छ र न्यायिक समितिको सचिवालयमा काम गर्ने गरी प्रशासकीय अधिकृत राधिका रिजाललाई खटाइएको छ ।

३. **सम्पादित कियाकलापहरु :**

२०८२ साल साउन १ गते देखि हालसम्म (२०८२ पौष २२ गते) ५ वटा उजुरी दर्ता भएको छ।

| क.सं. | उजुरीको प्रकृति | उजुरी संख्या | फछ्र्यौट संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | लेनदेन | १ | ० | |
| २ | जग्गा विवाद | २ | १ | |
| ३ | गाली गलौज | १ | १ | |
| ४ | ज्याला मजदुरी रकम | १ | १ | |

जम्मा उजुरी संख्या : ५

फछ्र्यौट संख्या : ३

विचाराधिन उजुरी संख्या : २

४. **न्यायिक समिति बैठक :**

आर्थिक वर्ष २०८२ साल साउन १ गतेदेखि हालसम्म न्यायिक समितिको बैठक १० पटक सम्पन्न भएको छ ।

५. **प्रतिवेदन :**

न्यायिक समितिले अघिल्लो वर्षमा सम्पादन गरेका कामहरुको प्रतिवेदन तयार गरी गाउँसभामा समेत छलफल भईसकेको छ ।

**निर्णय नं. ४ :**

**प्रस्ताव नं. ४ माथि छलफल गर्दा बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ मा विषयगत समितिले पेश गरेको प्रतिवेदन सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।**

**आर्थिक विकास समितिको बैठकले गरेका निर्णयहरु यस प्रकार रहेका छन् ।**

निर्णयहरु :-

निर्णय न.१ :-प्रस्ताव न.१ उपर छलफल गर्दा यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम के कति संचालन भयो साथै अन्य कार्यक्रम के कसरि संचालन गर्ने भनि छलफल गरियो ।



CamScanner

बौदीकाली गाउँपालिकाको पन्ध्रौं गाउँसभाको पहिलो बैठकका निर्णयहरु

निर्णय न.२ :-प्रस्ताव न.२ उपर छलफल गर्दा यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका शाखाको तपशिल बमोजिमको बजेट संसोधन(थप, हटाउने तथा परिमार्जन) गर्ने भनि निर्णय गरियो ।

तपशिल :-

**कृषि विकास शाखा**

**थप गर्नुपर्ने कार्यक्रम :-**

| क्र.स. | कार्यक्रमको नाम | आवश्यक बजेट |
|---|---|---|
| १. | दलहन /अन्न बालीको बिउ वितरण कार्यक्रम | २,००,०००\|- |
| २. | बालि उपचार शिविर संचालन | १,००,०००\|- |
| ३. | बालि संरक्षण कार्यक्रम अन्तर्गत जैविक /रासायनिक विषादी तथा सुच्म खाध्यतत्व खरिद | १,००,०००\|- |
| ४. | माटो परिक्षण शिविर तथा कृषि चुन वितरण कार्यक्रम | १,५०,००० \|- |
| ५. | कृषि यन्त्रीकरण कार्यक्रम | ५,००,०००\|- |
| ६. | उखु पेल्ने मिल वितरण कार्यक्रम | २,००,०००\|- |

**संसोधन/परिमार्जन गर्नुपर्ने कार्यक्रम र बजेट :-**

| क्र.स. | कार्यक्रमको नाम | विनियिजित बजेट | आवश्यक बजेट | हटाउने बजेट |
|---|---|---|---|---|
| १. | मसालाजन्य बालीहरु प्रवर्द्धन कार्यक्रम | ४००,०००\|- | २,००,०००\|- | २,००,०००\|- |
| २. | वडा वडामा कृषकको माग बमोजिम, जैविक बिषादी, सुष्म खाध्यतत्व, विउविजनहरु तथा कृषि सामाग्री वितरण कार्यक्रम | १०,००,०००\|- | ५,००,०००\|- | ५,००,०००\|- |
| ३. | गाउँपालिकाबाट वितरण हुने फलामे हलो, हातेटयाक्टर, मिनिटिलर,कुटानिपिसानी मिल जस्ता यान्त्रिक साधनहरु वितरण कार्यक्रम | ५,००,०००\|- | | ५,००,०००\|- |
| ४ . | कृषि शाखा अन्तर्गत संचलान हुने बैठक,अनुगमन र मुल्यांकन ,तालिम र भर्मण | २,०००००\|- | १,००,०००\|- | १,००,०००\|- |

**हटाउनुपर्ने कार्यक्रम :-**



CamScanner

| क.स. | कार्यक्रमको नाम | विनियिजित बजेट |
|---|---|---|
| १. | सेमी हाईटेक नर्सरीं स्थापना | ७,००,०००।- |
| ६. | उन्नत जातको अन्न बालीको बिउ | २,००,०००।- |

**पशु विकास शाखा :-**

**१.हटाउने कार्यक्रम**

| क.स. | कार्यक्रमको नाम | विनियिजित बजेट |
|---|---|---|
| १. | आकस्मिक पशुपन्छी रोग नियन्त्रण तथा रोकथाम कार्यक्रम | २,००,०००।- |
| २. | पशु प्राविधिक त्रैमासिक बैठक /अनुगमन तथा भर्मण खर्च | २,००,०००।- |
| ३. | अनुदानमा च्याफ कटर वितरण कार्यक्रम | ५,००,०००।- |

**२.संसोधन /परिमार्जन :-**

| क.स. | कार्यक्रमको नाम | विनियिजित बजेट | आवश्यक बजेट | हटाउने बजेट |
|---|---|---|---|---|
| १. | उत्पादनमा प्रोत्शाहन कार्यक्रम | १०,००,०००।- | ५,००,०००।- | ५,००,०००।- |
| २. | कृषि ऋणमा ब्याज अनुदान (दुग्ध प्रवर्द्धन कार्यक्रम) | ५,००,०००।- | २,५०,०००।- | २,५०,०००।- |
| ३. | निशुल्क घुम्ती पशु स्वास्थ्य शिविर | ३,००,०००।- | ३,००,०००।- | |

**पूर्वाधार विकास समितिको बैठकले गरेका निर्णयहरु यस प्रकार रहेका छन् ।**

निर्णयहरू

निर्णय नं. १

चालू आ.व.मा कार्यान्वयन हुन बाँकी सबै आयोजना, कार्यक्रम यथाशिघ्र समयमा नै सम्पन्न गर्ने र सम्झौता, बाँकी वडाहरुलाई शिघ्र सम्झौताका लागि आह्वान गर्ने र आयोजना कार्यान्वयनलाई व्यवस्थित गर्ने निर्णय सर्वसम्मत पारि गरि सोहि बमोजिम गप कार्ययोजना र निर्देशनका लागि गाउँ कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं.२

बौदीकाली गाउँपालिकाको नीति अनुसार गाउँपालिका क्षेत्र भित्रका सबै सडक सबै मौसममा नियमित सञ्चालन गर्ने गरि (All Weather Road) विनियोजित बजेट कार्यान्वयन गर्दा, गाउँपालिकाले नियमानुसार टिप्पर तथा ट्याक्टर भाडामा लिई सडक ग्राभेल कार्य गर्ने निर्णय गाउँ कार्यपालिकाले गरेकोमा सोही बमोजिम गाउँपालिकाले टिप्पर र ट्याक्टर धनी सँग सम्झौता गरि नदिजन्य पदार्थ प्रयोग गरि बाटो ग्राभेल गर्दा रोयल्टी तथा राजश्वलाई छुट गरि वा रोयल्टी बाहेक काम गर्दा धैरै कार्य हुने देखिएकोले सोही बमोजिम व्यवस्था मिलाउन गाउँकार्यपालिका र गाउँ सभालाई सिफारिस गर्ने, गाउँपालिकाबाट १० (दश) लाख विनियोजन भएकोमा लागत अनुमान बमोजिम



CamScanner

अपूग रकम विनियोजनका लागि गाँउ सभालाई अनुरोध गर्ने गरि कार्यपालिकामा सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. ३ :-

गाउँपालिकाले राजश्व संकलन र व्यवस्थापन पक्षलाई थप व्यवस्थित बनाई उ.स. लाई कार्यान्वयनमा सहज बनाउन गा.पा. IEE गरेको क्षेत्र भित्रको दहतर बहतर बापत संकलन गरिने राजश्व उ.स. लाई २५ घ.मी. सम्म प्रयोग हुने निर्माण कार्यमा मात्र वडा समिति तथा वडा कार्यालयलाई अधिकार प्रत्यायोजन गराई वडाबाटै संकलनको व्यवस्था मिलाउन गा.का.पा र गाउँ सभालाई सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो। साथै प्राविधिक कर्मचारीले नियमन र रेखदेख समेतका अधिकार प्रत्यायोजन समेत गर्ने गरि यवस्था गर्न सिफारिस गरियो ।

निर्णय नं. ४

गाउँपालिकाको व्याकहो लोडर परिचालनलाई थप व्यवस्थित गराई मेशिन परिचालनलाई प्रभावकारी बनाई लक्षित लाभ प्राप्त गर्न संचालन तथा व्यवस्थित कार्यविधि बनाई व्यक्तिगत र निजी काममा अत्यावश्यक बाहेक गा. पा. ले नियिमित आफ्ना कामहरूमा पूर्वाधार निर्माण तथा विकासमा मात्र प्रयोग गर्ने गरि थप व्यवस्था गर्न गा.पा. र सभालाई सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं. ५

गाउँपालिका क्षेत्र भित्र सवारी साधन, ढुवानीमा प्रयोग हुने गाडी तथा साधनहरूको प्रयोग र परिचालनमा भाडा र र शुल्क एकीकृत नभएको, सिण्डिकेट र लापरवाही देखिएकोमा गाउँ कार्यपालिकाबाट आफ्नो क्षेत्र भित्र निर्धारित दररेट र समय सीमा निर्धारण मापदण्ड तयार गर्न प्रक्रिया प्रारम्भ गर्ने र थप व्यवस्थाका लागि गा.का.पा. र सभामा सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ६

गाउँपालिकाले घर नक्सा पास र अभिलेखिकरण कार्यलाई यो चालू आ.व. उपयुक्त प्रचार प्रसार गर्दै अभियानका रूपमा सञ्चालन गर्ने, यो चालू आ.व.मा नक्सा पास र अभिलेखिकरण गर्न आउने लाभग्राहीलाई नियमणुमार राजश्व र रोयलटीमामा ५०% छुट दिने, कार्ययोजना बनाई बढीमा ३ महिनाको समय सीमा निर्धारण गर्ने र यो वर्ष घर तथा नक्सा पास र अभिलेखिकरणलाई व्यवस्थित गर्न निर्णय सर्वसम्मत गरि सोहि बमोजिम थप व्यवस्था गर्न गा. का. पा. र सभालाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

गाउँपालिका भित्र सञ्चालन हुने आयोजनालाई दिगो, गुणस्तरीय र भरपर्दो बनाउन निर्माण व्यवसायी, दक्ष र अर्धदक्ष, अदक्ष, जनशक्ति (श्रमिक) ट्याक्टर, टिप्पर धनी, व्याकहोलोडर धनी र निर्माणसँग सम्बन्धित सम्पूर्ण पक्षको एकीकृत अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट र कार्यक्रम तयका लागि गा.का.पा. र सभालाई सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।



CamScanner

बौदीकाली गाउँपालिकाको पन्ध्रौं गाउँसभाको पहिलो बैठकका निर्णयहरु

निर्णय नं. ८

गाउँपालिकाको चालू आ. २०८२।०८३ मा राष्ट्रिय रोजगार साझेदारी कार्यक्रम अन्तर्गतका योजनाहरू आवश्यक संसोधन र परिमार्जन रोजगार शाखाको समन्वयमा वडा समितिको सिफारिसमा थपघट र संशोधनका लागि गा.का.पा. र सभालाई सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

सामाजिक विकास समितिको बैठकले गरेका निर्णयहरु यस प्रकार रहेका छन् ।

परिचयः

स्थानीय कार्यपालिका तथा व्यवस्थापिका अन्तर्गतका कार्यहरुलाई प्रभावकारी बनाई नियमित तथा आकस्मिक कार्यहरुलाई निरन्तर अगाडि बढाउन सभाका सदस्यहरु मध्येबाट तोकिएका सदस्यहरु रहने गरी विभिन्न विषयगत समितिहरु गठन गरीन्छन ।

विषयगत समितिहरुले आफ्नो क्षेत्रभित्रका कार्यहरुमा स्थानीय सरकारलाई आवश्यक सल्लाह सुझावहरु प्रदान गर्नुका साथै कार्यपालिकालाई गाउँसभा प्रति जवाफदेही तथा जिम्मेवार बनाउने कार्यमा सहजता प्रदान गर्दछ ।स्थानीय तहमा मुख्य गरी पाँच वटा विषयगत समितिहरु रहने व्यवस्था रहेको छ ति मध्ये सामाजिक विकास समिति एक महत्वपूर्ण समिति हो ।

समितिको गठन प्रक्रिया

बौदीकाली गाउँपालिकाको कार्य विभाजन नियमावली- २०७९ अनुसार गाउँपालिका अध्यक्षले समितिको संयोजक छनोट गर्ने प्रावधान रहेको छ भने समितिका अन्य सदस्यहरुको नियुक्ति गाउँ कार्यपालिकाको सिफारिसमा हुने गर्दछ ।

सामाजिक विकास समितिका पदाधिकारीहरु

संयोजक- श्री श्याम सुन्दर श्रेष्ठ

सदस्य-श्री मन बहादुर सारु

सदस्य- श्री अनिल थापा

सदस्य सचिब- जिबलाल भुसाल

सामाजिक विकास समितिको काम, कर्तव्य र अधिकारः सामाजिक विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

क. आधारभुत तथा माध्यमिक शिक्षामा नियमन, व्यवस्थापन सम्बन्धि नीति, नियमको कार्ययोजना तयार गर्ने ।

ख. खेलकुद तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी योजना तथा कार्यक्रम तय गर्ने ।

ग. आधारभूत स्वास्थ्य तथा सरसफाई प्रर्वद्धन गर्ने ।

घ. लैगिक समानता तथा सामाजिक सुरक्षा प्रर्वद्धन गर्ने ।

ङ. गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्वन्धी कार्यमा अध्यक्षलाई सहयोग गर्ने ।

च. सामाजिक सुरक्षा कार्यक्रम तथा व्याक्तिगत घटना दर्ता सम्वन्धी चेतनामूलक कार्य गर्ने ।

छ. अध्यक्षले तोकिएको अन्य कार्य गर्ने ।

<u>सामाजिक विकास समितिको कार्यक्षेत्रः</u>

क. शिक्षा, संस्कृति, भाषा, कला तथा साहित्य,

ख. जनस्वास्थ्य तथा पोषण,

ग. खानेपानी तथा सरसफाई,

घ. महिला, वालबालिका र सामाजिक समावेशीकरण,

ङ. युवा, खेलकुद तथा नवप्रवर्तन ।

<u>सामाजिक विकास समितिवाट भएका कार्यहरुः</u>

<u>वैठक तथा छलफलः</u>

<u>मिति २०८२/०२/१२</u>

सामाजिक विकास समितिको बैठक मिति २०८२/०२/१२ मा बसी बौदीकाली गाउँपालिकाको नीति तथा कार्यक्रमहरु बनाउने सन्दर्भमा आफ्ना महत्वपुर्ण सुझावहरु कार्यपालिका तथा सभा समक्ष सिफारिस गरेको थियो।

<u>मिति २०८२/०९/२१</u>

सामाजिक विकास समितिको बैठक २०८२/०९/२१ गते बसि चालु आ.२०८२/८३ को नीति तथा कार्यक्रमहरु माथि समिक्षा गर्दै तपसिलका निर्णयहरु गरेको थियो ।

<u>तपसिल</u>

१.नीति कार्यक्रमको समिक्षा सम्वंन्धमा ।

प्रस्ताव नं १ माथि छलफल गर्दा बौदीकाली गाउँपालिकाको आ.व २०८२/८३ को सामाजिक विकास क्षेत्र तर्फको वार्षिक नीति तथा कार्यक्रमहरुको समिक्षा गरियो । सो सम्बन्धमा नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित सवै पक्ष जिम्मेवारीपूर्वक लाग्नु पर्ने आवश्यकता भएको हुँदा सोहि अनुसार लागि पर्न सुझाव प्रदान गर्ने निर्णय गरियो ।

२.शिर्षक परिवर्तन सम्बन्धमा ।

प्रस्ताव नं २ माथि छलफल गर्दा चालु आ.व २०८२/८३ को बार्षिक कार्यक्रम तर्फका तपसिलका कार्यक्रमहरुको शिर्षक परिवर्तन गर्न कार्यपालिका तथा सभालाई सिफारिस गर्ने निर्णय गरियो ।

- गाउँपालिकाको समग्र शिक्षा प्रणालीलाई व्यवस्थित गर्न तथा शैक्षिक क्षेत्रको योजनाबद्ध विकासको लागि गाउँ शिक्षा योजना निर्माण गर्नु आवश्यक देखिएको र सोको लागि बजेट व्यवस्था गर्न गाउँपालिकाको आ.व २०८२/०८३ को शिक्षा, युवा तथा खेलकुद विकास कार्यक्रम तर्फको विद्यालय सुपरिवेक्षण तथा शिक्षक सहयोग कार्यक्रम शिर्षकलाई परिवर्तन गरी **गाउँ शिक्षा योजना निर्माण** शिर्षक बनाउने
- गाउँपालिका स्तरीय योजना तथा कार्यक्रम तर्फको महिला तथा बालबालिका सम्बन्धी दिवस शिर्षकलाई परिवर्तन गरी **दिवसिय कार्यक्रम** शिर्षक बनाउने ।

३.फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं ३ माथि छलफल गर्दा गाउँपालिका भित्र फोहोर व्यवस्थापन जटिल समस्याको रुपमा विकसित भईरहेको सन्दर्भमा तत्काल फोहोर व्यवस्थापनको लागि उचित स्थान निर्धारण गरी कार्यक्रम अगाडि बढाउन कार्यपालिका तथा सभालाई अनुरोध गर्ने निर्णय गरियो ।

४. सामुदायिक विद्यालयहरुको लागि जग्गा प्राप्ति सम्बन्धमा ।

प्रस्ताव नं ४ माथि छलफल गर्दा सामुदायिक विद्यालयहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउनको लागि विद्यालयहरु मार्फत सार्वजनिक जग्गाहरुमा फलफुल तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्न जग्गा प्राप्तिको आवश्यक व्यवस्था मिलाउन कार्यपालिका तथा सभालाई आवश्यक प्रक्रिया अगाडी बढाउन अनुरोध गर्ने निर्णय गरियो ।

५.चोकहरुको नामाकरण सम्बन्धमा ।

प्रस्ताव नं ५ माथि छलफल गर्दा बौदीकाली गाउँपालिका वडा नं २ ले आफ्नो क्षेत्र भित्रका विभिन्न चोकहरुको नामाकरण गरेकोमा सो चोकहरुको नामाकरणलाई आधिकारिकता दिन कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

<u>सुझाव तथा निर्देशन:</u>

सामाजिक विकास क्षेत्र तर्फका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि समितिका अध्यक्ष तथा सदस्य ज्युहरुबाट विभिन्न समग्रमा सम्बन्धित शाखाहरुबाट सम्पादन भएका कार्यहरुको जानकारी लिई महत्वपूर्ण सल्लाह सुझाव प्रदान गरिदै आएको छ।

<u>समस्याहरु</u>

सामाजिक विकास समितिको बैठक नियमित रुपमा बसी महत्वपूर्ण विषयवस्तुहरुमा छलफल गर्न नसकिएको।

सुझावहरु:

- गाउँपालिकाले लिएका नीतिहरुको कार्यान्वयनलाई सहयोग पुग्ने कार्यक्रमहरु निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- विषयगत समितिहरुको बैठक नियमित रुपमा बसी आफ्नो कार्यक्षेत्र अन्तर्गत भोगेका समस्या समाधानका उपाय तथा कार्यप्रगतिको समिक्षा गर्ने पद्वतिको विकास गर्नुपर्ने ।
- बजारउन्मुख क्षेत्रहरुमा देखिएको फोहोरमैला व्यवस्थापनको समस्या समाधान गर्न उपयुक्त कार्यक्रम संचालन गर्नुपर्ने ।

निष्कर्ष:

सामाजिक विकास समितिको भुमिकालाई उच्च प्राथमिकता दिदै आफ्नो क्षेत्र अन्तर्गतका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि सहजिकरण गर्ने तथा आउदाँ दिनहरुमा सामाजिक विकास क्षेत्रको सर्वाङ्गिण विकासमा लागि पर्नुपर्ने आवश्यकता रहेको छ । विषयगत समितिलाई चलायमान बनाउदै कार्यपालिका तथा सभालाई आवश्यक पर्ने महत्वपूर्ण सल्लाह तथा सुझाव प्रदान गर्दै समग्र पालिकाको विकासमा योगदान पुर्याउनु आजको आवश्यकता रहेको छ ।

**सुशासन तथा संस्थागत विकास समितिको बैठकले गरेका निर्णयहरु यस प्रकार रहेका छन् ।**

**प्रस्तावना:**

सुशासन तथा संस्थागत विकास समितिले गाउँपालिका भित्र पारदर्शिता, उत्तरदायित्व, कानूनी शासन, नागरिक सहभागिता र सेवा प्रवाह सुधार गर्नका लागि अनुगमन, मूल्यांकन, र आवश्यक निर्णय तथा सिफारिसहरु तयार गर्ने गर्दछ । सरकार, निजी क्षेत्र, सामुदायिक क्षेत्र तथा नागरिक समाज संग समन्वय गरी सुशासनको नीति कार्यान्वयन गर्नु पनि यसकै काम हो । प्रस्तुत प्रतिवेदनमा समितिका कार्यहरु, उपलब्धीहरु, देखा परेका समस्याहरु तथा सुधारका सिफारिसहरु समावेश गरिएको छ ।

**समितिको कार्यक्षेत्र:**

१. स्थानिय सेवा तथा जनशक्ति व्यवस्थापन,
२. सङ्गठन तथा क्षमता विकास,
३. राजश्व स्रोत परिचालन,
४. तथ्यांक प्रणाली तथा योजना र विकास व्यवस्थापन,
५. नीति, कानून, न्याय तथा सुशासन ।

**समितिको उदेश्य :**



CamScanner

१. स्थानिय सरकारका कार्यहरु खुला, स्पष्ट, पारदर्शी बनाई नागरिक प्रति जिम्मेवारी तथा उत्तरदायित्व बहन गर्ने,
२. विकास योजनाहरुमा नागरिकहरुको सक्रिय सहभागिता सुनिश्चित गर्ने,
३. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरु सहज, छिटो र प्रभावकारी बनाउन अनुगमन गर्ने,
४. अनियमितता तथा भ्रष्टाचार रोक्न निगरानी र सुधारात्मक उपायहरु सिफारिस गर्ने,
५. नीति तथा कानून अध्ययन, मूल्यांकन, निरिक्षण तथा सुझाव गर्ने,
६. सार्वजनिक खरिद प्रकृया, विकास आयोजनाहरु र सेवा प्रवाहमा अनियमितताहरु रोक्न पहल गर्ने,
७. सूचना प्रविधिको प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र सहज बनाउने सुझाव दिने,
८. समावेशीकरण, सामाजिक न्याय, नागरिक संलग्नता सुनिश्चित गर्न नीति तथा कार्यक्रमहरु निर्माणमा सहयोग गर्ने,
९. सुशासन सम्बन्धी जनचेतना कार्यक्रम तथा तालिम सञ्चालन गर्ने ।

**कार्यप्रगति विवरण**

| क्र.सं. | कार्य विवरण | उपलब्धीहरु | चुनौतीहरु |
|---|---|---|---|
| १. | गाउँ कार्यपालिका तथा मातहतका कार्यालयहरुको सेवा प्रवाहको अनौपचारिक अनुगमन | सेवा प्रवाह प्रकृया पारदर्शी बनाइएको | भौगोलिक विकटताको कारण प्रविधी को प्रयोगमा बाधा पुगेको |
| २. | स्थानिय बजेटको पारदर्शिता अनुगमन | बजेट विवरण सार्वजनिक गरिएको | कार्यान्वयनमा ढिलाई तथा पुर्ण रुपमा कार्यान्वयन गर्न नसकिएको |
| ३. | सार्वजनिक खरिद प्रकृया मूल्यांकन | खरिद प्रकृया नियमानुसार भएको | प्रशासनिक प्रकृयागत जटिलता |
| ४. | कर्मचारी क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन | कार्यक्षेत्रमा सेवा प्रवाहमा सहजता | सबैलाई समेट्न नसकिएको |
| ५. | रिक्त दरवन्दिहरुमा पदपुर्ति | कर्मचारी अभावका कारण असहज भएको सेवा प्रवाहमा सहजिकरण | संस्थागत स्मरण हस्तान्तरण लाई बाध्यकारी बनाउन नसकिएको |
| ६. | आवश्यक कानूनहरु तर्जुमा गरि राजपत्रमा प्रकाशन गरिएको | नीति तथा कार्यक्रम कार्यान्वयनको बाटो खुलेको | कार्यक्रमहरु यथासिघ्र कार्यान्वयन गर्नु चुनौतीपूर्ण |
| ७. | विद्यालय तथा वडा कार्यालयहरुमा ई- हाजिरीको कार्यान्वयन गरिएको | कर्मचारी तथा शिक्षकहरुलाई नियमन गर्नका लागि सहज भएको | समय समयमा अद्यावधिक गर्नु चुनौतीपुर्ण |

**मुख्य समस्याहरु :**



CamScanner

१. गाउँपालिकामा सेवा प्रवाहमा सुधार भएपनि नागरिकलाई स्थानिय सरकारको उपस्थितिको अनुभुति दिलाउन अझ छिटो, छरितो रुपमा सेवा प्रवाह गर्न आवश्यक छ ।
२. योजना, बजेट, नीति तथा कार्यक्रमहरुमा समावेशी नागरिक सहभागिता अनिवार्य गरिएतापनि वास्तविक रुपमा नागरिकलाई प्रत्याभुत गराउन सकिएको छैन ।
३. बजेट खर्च पारदर्शी भएपनि सार्वजनिक जानकारी दिने विधी अझ स्पष्ट बनाउन आवश्यक देखिन्छ ।
४. ईन्टरनेट व्याकअपमा समस्या रहेको छ ।
५. विद्युत आपुर्तिमा आउने समस्याले सेवा प्रवाहमा नकारात्मक प्रभाव परेको छ ।
६. भौगोलिक विकटताले गर्दा सेवा प्रवाहमा असहजता भएको छ ।
७. सेवा प्रवाह अनुगमन तथा मुल्याङ्कन प्रणाली फितलो रहेको छ ।
८. संस्थागत स्मरण हस्तान्तरण चुनौतिपूर्ण रहेको छ ।

सुझाबहरु :

१. नागरिक सहायता डेस्क स्थापना, डिजिटल भुक्तानी प्रणाली लागु गरि सेवा प्रवाह डिजिटाइजेसन गर्ने,
२. सबै बजेट तथा कार्यक्रमहरुको कार्यान्वियन प्रगति नागरिक सुझावमा आधारित बनाउन सुझाव संकलन तथा अनिवार्य छलफलको व्यवस्था गर्ने,
३. अनलाईन गुनासो दर्ता प्रणाली, एकिकृत तथ्यांक प्रणाली जस्ता सुचना प्रविधि को व्यापक प्रयोग गर्ने,
४. छलफल तथा समिक्षा कार्यक्रमहरु समय समयमा नियमित रुपमा गर्ने,
५. सार्वजनिक सुनुवाई कार्यक्रम समयमा नै गर्नुपर्ने,
६. कर्मचारी अभावको कारण सेवा प्रवाहमा परेको नकारात्मक असर न्यूनिकरण गर्न कर्मचारी पदपुर्ति समयमा नै गर्नुपर्ने,
७. सेवा प्रवाह सम्वन्धी अनुगमन प्रणाली विकास गरी शसक्त गर्नुपर्ने,
८. डिजिटल दस्तावेज प्रणाली अपनाई कागजी झन्झट हटाउने,
९. सेवा प्रवाह मापदण्ड र समयसीमा सहित सार्वजनिक सेवा वडा पत्र यथासिघ्र निर्माण गर्ने,
१०. प्रोत्साहन तथा दण्ड प्रणाली अपनाउने,
११. सेवाग्राहीलाई एउटै स्थानबाट सबै सेवा प्राप्त हुने एकद्वार प्रणाली लागू गर्ने,
१२. सामाजिक लेखापरिक्षण लागू गर्ने।

निष्कर्ष :

सुशासन तथा संस्थागत विकास समिति गाउँपालिकाभित्र उत्तरदायित्व, पारदर्शिता, र सेवा प्रवाह सुधारमा निरन्तर कार्यरत छ । प्रस्तुत समस्याहरु समाधान गर्दै सुझावहरु प्राथमिकताका साथ लागूगरी कार्यान्वियन गर्न सकेमा सुशासन अझ प्रभावकारी हुनेछ ।

<u>निर्णय नं. ५ :</u>

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बौदीकाली गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ उपर दफावार छलफल गरी सर्वसम्मत पारित गरी राजपत्रमा प्रकाशन निर्णय गरियो ।

**निर्णय नं. ६ :**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा कर्मचारीहरुको तलबी प्रतिवेदन पारितको व्यवस्था हुँदै आएकोमा बौदीकाली गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको आ.व. २०८२/०८३ को तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को बौदीकाली गाउँपालिका, गाउँकार्यपालिका बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- बौदीकाली गाउँपालिकाको आ.व. २०८२/०८३ को राजस्व परामर्श समितिको बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत सम्पूर्ण करार सेवाका कर्मचारीहरुको करार म्याद २०८३ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।
- गाउँ विपद व्यवस्थापन समितिले गाउँकार्यपालिकाको बैठकमा पेश गरेको विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।
- सम्पूर्ण वडा कार्यालयहरु, विभिन्न संघसंस्थाहरु लगायत विभिन्न व्यक्तिहरु मार्फत प्राप्त विभिन्न प्रकारका निवेदन उपर गरिएका तोक आदेशहरुको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।
- ह्युमन डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा.लि., ललितपुरले तयार गरेको बौदीकाली गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O&M) को अन्तिम प्रतिवेदन गाउँकार्यपालिकाबाट स्वीकृतिका लागि पेश भई आएकोले अनुमोदन गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकामा कार्यरत हेभी सवारी चालक (डोजर अपरेटर) को अतिरिक्त भत्ता सम्बन्धमा निजले पाउने तलब बाहेक डोजर संचालन भएको अवधिमा प्रति घण्टा रु. १००/- रुपैया नबढ्ने गरी थप भत्ता उपलब्ध गराउने निर्णय गरियो ।



CamScanner

बौदीकाली गाउँपालिका

**गाउँ सभाको सचिवालय**

डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun


प.स.: २०८२/८३

च.नं.:

मिति : २०८२/०९/२४

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.पू) गण्डकी प्रदेश, नेपाल २०७३

## गाउँ सभा अन्त्य सम्बन्धी सूचना ।

सभाका सदस्यहरु,

गण्डकी प्रदेशको स्थानीय तहको सभा संचालन सम्बन्धी (कार्यविधि) ऐन, २०७५ को दफा ३ को उपदफा (२) बमोजिम बौदीकाली गाउँसभाको १९ औं अधिवेशन आजकै मिति र 3.06 बजे समाप्त भएको जानकारी गराउँदछु ।

धन्यवाद !

(प्रकाश ओझा)

सभाध्यक्ष


@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com ९८५७०४६२६





जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

CamScanner